### बालश्रमलाई निषेध गरौं : गुणस्तरीय शिक्षालाई प्रवर्द्धन गरौं

# बालश्रम विरुद्ध विश्व दिवस

## १२ जुन २०१५

२०७२ वैशाख १२ गतेका दिन नेपालमा आएको विनाशकारी भूकम्पको असरबाट शिक्षा प्रणाली लगायत सिङ्गो मुलुक प्रभावित भएको अवस्थामा बालश्रम विरुद्ध सामूहिक आवाज उठाउन र विपद् आए यता विद्यालय छाड्न बाध्य भएका सबै बालबालिकालाई विद्यालय फर्काउने वातावरण सृजना गर्न गराउन सचेतना अभिवृद्धि गर्ने अवसरका रुपमा यस **बालश्रम विरुद्ध विश्व दिवस**लाई लिन चाहन्छौं ।

भूकम्पको प्रभावले सयौं बालबालिका कुनैपनि वयस्कको संरक्षणमा नभइ एक्लो भएका छन्, कतिपय परिवारबाट अलग्गिएका छन् भने धेरै बालबालिका टुहुरा भई वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति वा किशोरकिशोरीको रेखदेखमा छन् । यस्तो परिस्थितिमा बालबालिकाहरु यौनशोषण र बाध्यकारी श्रमका लागि बेचबिखनमा पर्नुका साथै निकृष्ट प्रकारका र जोखिमयुक्त बालश्रममा जाने संम्भावना बढेको छ ।

सन् १९९७ मा नेपालले अनुमोदन गरेको रोजगारीमा संलग्न हुन पाउनेको न्यूनतम उमेर सम्बन्धी आइएलओ महासन्धि, १९७३ (नं १३८) ले शिक्षा र रोजगारीमा प्रवेश गर्न न्यूनतम उमेर बीच निकट सम्बन्ध रहेको कुरामा जोड दिएको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले नेपालमा १४ वर्ष उमेर नपुगेका बालबालिकालाई श्रममा लगाउनुका साथै १६ वर्ष उमेर नपुगेका बालबालिकालाई जोखिमयुक्त बालश्रममा लगाउन निषेध गरेको छ ।

**सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रबाट कार्य गर्नका लागि यस वर्षको बालश्रम विरुद्ध विश्व दिवसमा हामी निम्न आह्वान गर्दछौं:-**

- रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्मका बालबालिकाका लागि नि:शुल्क, अनिवार्य तथा गुणस्तरीय शिक्षा प्रदान होस् ;
- भूकम्प प्रभावित जिल्लाहरूमा भूकम्प जानु पूर्व विद्यालय छाडेका वा भूकम्प पश्चात विद्यालयबाट बाहिर रहेका र बालश्रम लगायत बालसंरक्षणको जोखिममा परेका देशभरिका बालबालिकालाई विद्यालयमा ल्याउन तत्कालीन र प्रभावकारी पहल अपनाउन;
- हालको परिस्थितिमा बढी भन्दा वढी बालबालिकालाई शिक्षामा संलग्न गराउन र उनीहरूलाई दूर्व्यवहार र शोषणबाट संरक्षण गर्न थप अस्थायी सिकाइ केन्द्र तथा बालमैत्री स्थलहरूको स्थापना हुन;
- प्राकृतिक विपद्का लागि मानवीय शिक्षा कोषको स्थापना हुन;
- बालबालिकाको विद्यालयमा निरन्तर उपस्थितिलाई कायम राख्नको लागि बालबालिकाको आम्दानीमा आश्रित र बालबालिकाले नै नेतृत्व गरेका परिवार वा घरधुरी प्रति लक्षित दिवाखाना, बाल अनुदान जस्ता सामाजिक संरक्षण योजना तथा नीतिलाई प्रवर्द्धन गर्न ।

अन्तर्राष्ट्रिय श्रम संगठन

unicef

बालश्रम विरुद्ध हरियो झण्डा अभियान

JTUCC Nepal
Joint Trade Union Co-ordination Centre

विश्व संरक्षण समूह
संरक्षण समूह नेपाल

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**श्रम विभाग**